## १. बालबालिकाको परिभाषा :

१८ वर्षमुनिका सबै व्यक्ति बालबालिका हुन ।

## २. बालअधिकार सम्बन्धी महासन्धिका ४ सिद्धान्तहरु :

- ❖ भेदभावरहित (धारा २)
- ❖ बालबालिकाको सर्वोत्तम हित (धारा ३)
- ❖ दीर्घजीवन र विकास (धारा ६)
- ❖ बालबालिकाको विचार र भावनाको कदर (धारा १२)

## ३. बालअधिकार के हो ?

बालबालिकालाई जन्मपूर्व तथा जन्मेपछि १८ वर्ष पूरा नभएसम्मको अवधीमा आवश्यक पर्ने सबै आधार-भूत आवश्यकताहरुलाई नै बालअधिकार भनिन्छ । बालअधिकारभित्र आमाको दुध, खोप, मौसम अनुसारका कपडा, पोषणयुक्त खाना, बिरामी हुँदा औषधि उपचार, माया, खेल, स्वस्थ मनोरञ्जन, आराम, घरपरिवार र समुदायको उपयुक्त वातावरण, विचार र भावना व्यक्त गर्न पाउने, आफूसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पार्ने विषयबारे सूचना पाउने र आफ्ना विचार राख्न पाउने, स्यावास, हौसला पाउने, उपयुक्त मार्गदर्शन पाउने, जीवन उपयोगी शिक्षा र सीप पाउने, बालविवाह, बालश्रम, बेचविखन, दुर्व्यवहार, भेदभाव, अपहरणबाट जोगिन पाउने आदि जसले बालकको सर्वाङ्गीण विकासमा सहयोग गर्दछ । यी कुराहरुको अभावमा एउटा बालक घर, समाज र देशका लागि योग्य जनशक्तिको रुपमा स्थापित हुन सक्दैन ।

## ४. बालअधिकार सम्बन्धी महासन्धिका प्रमुख प्रावधानहरु :

बालअधिकार सम्बन्धी महासन्धिमा जम्मा ५४ वटा धाराहरु रहेका छन् । खासगरी धारा १ देखि ४० सम्म बालअधिकारका कुरा छन् भने बाँकी धारामा घरपरिवार र राज्यका दायित्व सम्बन्धी कुराहरु उल्लेखि गरिएका छन् ।

धारा १ : बालबालिकाको परिभाषा (१८ वर्षसम्म)
धारा २ : भेदभाव गर्न नहुने
धारा ५ : बाबुआमाको मार्गदर्शन
धारा ७ र ८ : नाम र राष्ट्रियता, गोपनीयताको संरक्षण
धारा ९ : बाबुआमाबाट अलग गर्न नहुने
धारा १० र ११ : पारिवारिक पुनर्मिलन
धारा १३ र १७ : सूचनाको हक
धारा १९, ३४ र ३६ : हिंसा, दुर्व्यवहार र उपेक्षाबाट संरक्षण
धारा २३ : अपाङ्गता भएका बालबालिकाको अधिकार
धारा २८ : असल शिक्षा आर्जन गर्ने
धारा ३२ : बालश्रमबाट संरक्षण
धारा ३५ : बेचबिखन, अपहरणबाट संरक्षण
धारा ४० : बालबालिका सम्बन्धी न्याय प्रशासन

## ५. बालअधिकारका चार समूह :

### क. बालबालिकाको बाँच्न पाउने अधिकार

- गर्भवती महिलाको विशेष स्याहार
- सुरक्षित जन्म (अस्पतालमा)
- आमाको दुध
- मौसम अनुसारका कपडा
- खोप तथा स्वास्थ्य स्याहार
- पोषणयुक्त खाना
- सफा तथा सुरक्षित पानी

### ख. बालबालिकाको संरक्षणको अधिकार

- भेदभावबाट संरक्षण (गर्भैदेखि)
- दुर्व्यवहार, उत्पीडन, हेला, अपमान, गाली, कुटपीट, यातनाबाट संरक्षण
- सबै प्रकारका शोषण (यौन, श्रम, आदि) बाट संरक्षण
- बेचबिखन, ओसारपसार, अपहरणबाट संरक्षण
- हानिकारक काम तथा युद्धमा संलग्नताबाट संरक्षण
- लागूपदार्थ, नशालु पदार्थबाट संरक्षण
- बालविवाह हुनबाट संरक्षण

### ग. बालबालिकाको विकासको अधिकार

- जीवन उपयोगी शिक्षा (औपचारिक/अनौपचारिक) शिक्षा
- उमेर अनुसारका खेल, स्वस्थ मनोरञ्जन र आराम
- उचित स्वास्थोपचार
- माया, ममता, पारिवारिक रेखदेख
- उपयुक्त पारिवारिक तथा सामाजिक वातावरण
- उचित मार्गदर्शन र निर्देशन

### घ. बालबालिकाको सहभागिताको अधिकार

- जीवनमा प्रभाव पार्ने निर्णयहरुमा बालबालिकाको कुरा सुन्नुपर्ने र सोको कदर गरिनुपर्ने ।
- रचनात्मक कार्य, सामाजिक र साँस्कृतिक गतिविधिमा सहभागी हुन पाउने ।
- आस्था अनुसारको धर्ममा संलग्न हुने ।
- जानकारी तथा सूचना पाउने र अभिव्यक्त गर्न पाउने ।
- संघसंस्था खोल्न तथा सहभागी हुन पाउने ।
- हौसला, स्यावासी पाउने
- निर्णय प्रक्रियामा सहभागी हुन पाउने तथा सोको कार्यान्वयनमा समेत सहभागी हुन पाउने ।

## ६. नेपालको संविधान २०७२ मा बालबालिकाको हक (धारा ३९):

### क. बालबालिकाको हक

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकासका तथा बाल सहभागिताको हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

५. कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनैपनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय, वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण सुविधा पाउने हक हुनेछ ।

१०. उपधारा (४), (५), (६) र (७) विपरितका कार्य कानूनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा भएका बालबालिका सम्बन्धी व्यवस्थाहरु**

**बालबालिकालाई हुने सजाय (धारा ४५)**

१. कानून बमोजिम कसूर ठहरिने कुनै काम गर्ने व्यक्तिको उमेर त्यस्तो काम गर्दाको बखत दश वर्ष पुगेको रहेनछ भने निजलाई कुनै सजाय हुने छैन ।

२. दश वर्ष वा दश वर्षभन्दा माथि र १४ वर्षभन्दा कम उमेर भएको व्यक्तिलाई कैदको सजाय गर्दा बढीमा छ महिनासम्म कैदको सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म सुधार गृहमा राख्न सकिनेछ ।

३. चौध वर्ष वा चौध वर्षभन्दामाथि र सोह्र वर्षभन्दा कम उमेरको व्यक्तिले कैदको सजाय हुने कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको आधा सजाय हुनेछ ।

४. सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कैदको सजाय हुने कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको दुई तिहाई सजाय हुनेछ ।

**ग. परिच्छेद ११, विवाह सम्बन्धी कसुर**

**बालविवाह गर्न नहुने (धारा १७३)**

१. विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन ।

२. उपदफा (१) विपरित भएको विवाह स्वतः बदर हुन्छ ।

३. उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

**घ. बालयौन दुरुपयोग गर्न नहुने (धारा २२५)**

१. कसैले बालयौन दुरुपयोग गर्न वा गराउन हुँदैन ।

२. कसैले करणीका आशयले बालबालिकालाई अस्वभाविक रुपमा एकान्तमा लगेमा, यौन सम्बन्धी निजको अङ्ग छोएमा वा समातेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन वा समाउन लगाएमा वा निजसँग अन्य कुनै किसिमको यौनजन्य अस्वभाविक व्यवहार गरेमा बालयौन दुरुपयोग गरेको मानिनेछ ।

३. उपदफा १ बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।

## ७. बालसंरक्षण के हो ?

बालबालिकामाथि हुने सबै प्रकारका हानिहरुबाट उनीहरुलाई जोगाउनु नै बालसंरक्षण हो । बालबालिकामाथि हुनसक्ने हानिहरुमा बेवास्ता/उपेक्षा वा हेलचेक्र्याइँ, यातना वा हिंसा, भेदभाव, यौनशोषण, बेचविखन र ओसारपसार, अपहरण, आर्थिक शोषण, बालश्रम शोषण, दुर्व्यवहार, परम्परागत हानिकारक अभ्यासहरु मुद्दा आदि पर्दछन् ।

## ८. बालसंरक्षण किन ?

**किनभने....**

- बालबालिका वयस्कहरुसँग नै आश्रित हुन्छन् ।
- आफूमाथि भएका गलत व्यवहारका विरुद्धमा बालबालिकाले आवाज उठाउन सक्दैनन् र यदि भनी हालेमा पनि विश्वास नगरिने हुनसक्छन् ।
- बालबालिकाले सम्भाव्य घटनाको पूर्वानुमान गर्न सक्दैनन् ।
- बालसंरक्षणका सवालहरु भएमा प्रतिकार गर्न सक्दैनन् ।
- बालबालिकामाथि हुने अधिकांश हानीकारक व्यवहारहरु चिनेजानेका, आफ्ना नातेदारभित्रकै व्यक्तिहरुबाट हुने गरेका छन् ।

## ९. समाजमा बालअधिकारको निम्ति अभिभावकहरुको दायित्व ?

| बालअधिकार | अभिभावकको जिम्मेवारी तथा दायित्व |
|---|---|
| **१. खाना तथा पोषण** | |
| पोषिलो खाना खान पाउनु | छोराछोरीको उमेर अनुसार आफ्नो परिवेशमा उपलब्ध उचित पोषिलो खानेकुरा दिनु र कसैलाई भोकै नराख्नु सबै अभिभावकको दायित्व र जिम्मेवारी हो । |
| **२. शिक्षा** | |
| लेखपढ गर्ने, ज्ञान, सीप सिक्ने अवसर, विद्यालयमा पढन पाउनु, असल शिक्षा पाउनु बालबालिकाको अधिकार हो । | आफ्नो छोरा छोरी दुवैलाई विद्यालय भर्ना गरिदिनु, नियमित ठिक समयमा विद्यालयमा पठाउनु, किताब, कापी, कलम, झोला, खाजा, आवश्यक अन्य सामग्री तयार गरिदिनु, पढाइको बारेमा घरमा पनि छोराछोरीसँग कुरा गर्ने, पढ्नलाई प्रोत्साहन दिनु, समय समयमा विद्यालयमा गएर आफ्नो छोराछोरीको पढाईको बारेमा शिक्षकसाग भेटेर छलफल गर्नु, विद्यालयमा अभिभावकको बैठकमा सक्रिय भएर भाग लिनु अभिभावकको दायित्व हो । |
| **३. श्रम शोषण** | |
| श्रम शोषण हुनबाट जोगिन पाउनु बालबालिकाको अधिकार हो । | आफ्ना कोही पनि बालबालिकालाई बालश्रममा प्रयोग नगर्नु, अरुको छोराछोरीलाई पनि बालश्रमिकको रुपमा नगर्नु, सबैलाई अनिवार्य रुपमा विद्यालय पठाउनु अभिभावकका दायित्व हो । |
| **४. भेदभाव** | |
| भेदभावबाट हुनबाट जोगिन पाउनु बालबालिकाको अधिकार हो । | छोराछोरी दुवैलाई समान माया, रेखदेख, स्याहारसुसार, खाना, खाजा, लुगा, काम, जिम्मेवारी, घुमफिर गर्ने अवसर, खर्च, समानस्तरको विद्यालयमा शिक्षा आर्जन गर्ने अवसर, सीप सिक्ने अवसर, कुरा सुन्ने र भेदभाव नगर्नु अभिभावकको दायित्व हो । |
| **५. सजाय** | |
| कठोर सजाय हुनबाट जोगिन पाउनु बालबालिकाको अधिकार हो । | गल्ती गरेमा बालबालिकालाई कठोर सजाय नदिई सम्झाइ बुझाइ सुधार गर्नु अभिभावकका दायित्व हो । |
| **६. लागु पदार्थ** | |
| लागु पदार्थको दुरुपयोगबाट जोगिन पाउनु बालबालिकाको अधिकार हो । | बालबालिकालाई लागु पदार्थ (चुरोट, खैनी, तम्बाखु, रक्सी, वियर आदि) किन्न नपठाउने, त्यस्ता चीज बालबालिकाले देख्ने गरी प्रयोग नगर्ने, उनीहरुले भेट्ने ठाउँमा नराख्ने । |

# बालअधिकार र बालसंरक्षण



लाइफ नेपाल
LIFE Nepal

Province No. 2, Janakpur, Pidari Chowk, Dhanusha, Nepal
Tel. +977-41-590142
E-mail: lifenepal.jnp@gmail.com
Website: www.lifenepal.org